**आकाशवाणी समाचार- नेपाली**

मिति: १७ मार्च २०२६

समय: ०७:२५ - ०७:३५ बजे (*अवधि: १० मिनट*)

**प्रमुख समाचार**

- असम, केरलम र पुदुच्चेरी विधानसभा चुनावको लागि अधिसूचना जारी हुनका साथै नामांकन प्रक्रिया शुरू भएको छ ।
- (भाजपा) ले पश्चिम बङ्गाल र केरलम विधानसभा चुनावका लागि उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ।
- विदेश मंत्री डॉ. एस. जयशंकरले हिज जर्मनीका विदेश मंत्री जोहान वाडेफुल, स्लोवाकियाका विदेश मंत्री जुराज ब्लानार, ग्रीसका विदेश मंत्री जॉर्ज गेरापेट्रिटिस र नीदरलैंडका विदेश मंत्री टॉम बेरेंडसेनसंग भेटवार्ता गर्नु भएको छ ।
- लोकसभामा आज रेल मंत्रालयको नियंत्रणमा वर्ष 2026-27को लागि अनुदान मांगहरु माथि अघिको चर्चा अनि मतदान हुनेछ ।
- अफगानिस्तानको राजधानी काबुलमा पाकिस्तानले गरेको हवाई आक्रमणमा परी कम्तीमा ४०० जनाको मृत्यु हुनुका साथै २५० जना घाइते भएका छन् ।

**असम, केरलम र पुडुचेरीमा विधानसभा चुनाव**

असम, केरलम र पुदुच्चेरी विधानसभा चुनावको लागि अधिसूचना जारी हुनका साथै नामांकन प्रक्रिया शुरू भएको छ । नामांकन 23 मार्च सम्म गरिन सकिनेछ भने , जांच 24 मार्चमा हुनेछ । नाम फिर्ता लिने अंतिम मिति 26 मार्च रहेको छ र मतदान 9 अप्रैलमा हुनेछ ।

**(भाजपा) पश्चिम बङ्गाल**

भारतीय जनता पार्टी (भाजपा) ले आगामी पश्चिम बङ्गाल विधानसभा चुनावका लागि १४४ उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ। पार्टीले मुख्यमन्त्री ममता बनर्जीविरुद्ध नन्दीग्राम र भवानीपुरबाट विधानसभामा विपक्षी दलका नेता शुभेन्दु अधिकारीलाई उम्मेदवार बनाएको छ । वर्तमान विधायक अग्निमित्रा पाल आसनसोल दक्षिण सीटबाट फेरि चुनाव लड्ने छन्। २९४ सदस्यीय पश्चिम बंगाल विधानसभाका लागि दुई चरणमा २३ र २९ अप्रिलमा चुनाव हुँदैछ । मतगणना मे ४ मा हुनेछ ।

**केरलममा विधानसभा चुनावका लागि आफ्ना उम्मेदवारहरूको पहिलो सूची जारी**

केरलममा भारतीय जनता पार्टी नेतृत्वको एनडीए र भारतीय कम्युनिस्ट पार्टी (माक्र्सवादी) नेतृत्वको एलडीएफले आगामी विधानसभा चुनावका लागि आफ्ना उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ । भाजपाले ४७ उम्मेदवारको नामको घोषणा गरेको छ । केन्द्रीय मन्त्री जर्ज कुरियनले कान्जिरापल्ली सीटबाट चुनाव लड्ने भएका छन् । पार्टीका प्रदेश अध्यक्ष तथा पूर्व केन्द्रीय मन्त्री राजीव चन्द्रशेखर नीमोम सीटबाट चुनाव लडिरहेका छन् । पूर्व केन्द्रीय मन्त्री वी मुरलीधरन कझाकूटम निर्वाचन क्षेत्रबाट र पूर्व प्रदेश अध्यक्ष के सुरेन्द्रन मंजेश्वर सीटबाट चुनाव लड्ने छन्। नव्या हरिदास कोझिकोड उत्तर सीटबाट र पूर्व

आईपीएस अधिकारी आर श्रीलेखा वट्टियुरकावु निर्वाचन क्षेत्रबाट चुनाव लड्नेछिन्। एलडीएफले ७५ जना उम्मेदवारको नाम सार्वजनिक गरेको छ । यो सूचीमा मुख्यमन्त्री पिनाराई विजयन र अर्थमन्त्री केएन बालगोपालको नाम पनि समावेश छ । १२६ सदस्यीय केरलम विधानसभाका लागि अप्रिल ९ मा मतदान हुँदैछ र मतगणना मे ४ मा हुनेछ।

**केरल - विधानसभा चुनाव**

आगामी विधानसभा चुनावहरुको लागि व्यय पर्यवेक्षक आज केरलम पुग्नेछ । विस्तृत जानकारीको साथ हाम्रो संवाददाताको रिपोर्ट:

**पश्चिम बंगाल चुनाव निगरानी**

पश्चिम बंगालको निर्वाचनलाई लिएर मुख्य निर्वाचन आयोगले पश्चिम बंगालको चुनावका लागि विशेष व्यवस्था गरेको छ । प्रौद्योगिकी आधारित निगरानीको माध्यमबाट कडाइका साथ अनुगमन गरिनेछ । आयोग स्रोतका अनुसार सय प्रतिशत मतदान केन्द्रमा वेबकास्टिङ अनिवार्य गरिनेछ । यदि कुनै पनि बुथमा वेबकास्टिङ गरिएन भने, पुन: चुनावको बारेमा विचार गरिनेछ। राज्यको चुनावी इतिहासमा पहिलो पटक, निगरानी र अवलोकनका लागि ड्रोनको प्रयोग गरिनेछ। आयोगको स्रोतका अनुसार 55 वटा विधानसभा क्षेत्र संवेदनशील घोषणा भइसकेका छन् । समग्र निर्वाचन अवस्थाको अनुगमन गर्न मुख्य निर्वाचन आयोगको कार्यालयमा प्रदेश स्तरीय नियन्त्रण केन्द्र स्थापना गरिएको छ । यसका साथै पहिलो पटक आइ.ए.एस अधिकारीहरुको नेतृत्वमा 'सुपरभाइजरी सेल' गठन गरिएको छ । आयोगले प्रदेशका 294 विधानसभा निर्वाचन क्षेत्रमा एक-एक जना सामान्य पर्यवेक्षक रहने घोषणा गरेको छ । 28 जिल्लामा दुई पुलिस पर्यवेक्षक र 6 जना आयुक्त नियुक्त हुनेछन् । ठूलो आकारका कारण कोलकातामा थप पर्यवेक्षक खटाइनेछ । वृद्ध र अशक्त मतदातालाई सहयोग गर्न छुट्टै सेल पनि बनाइएको छ ।

**जयशंकर मुलाकात**

विदेश मंत्री डॉ. एस. जयशंकरले हिज जर्मनीका विदेश मंत्री जोहान वाडेफुल, स्लोवाकियाका विदेश मंत्री जुराज ब्लानार, ग्रीसका विदेश मंत्री जॉर्ज गेरापेट्रिटिस र नीदरलैंडका विदेश मंत्री टॉम बेरेंडसेनसंग भेटवार्ता गर्नु भयो । सोशल मीडिया पोस्टमा डॉ. जयशंकरले बताउनु भयो कि- भारत र जर्मनी बीच बैठकको अवधि पश्चिम एशियामा जारी संघर्षमा महत्वपूर्ण विचार-विमर्श भएको छ । स्लोवाकियाका विदेश मंत्रीको साथ बैठकमा विनिर्माण, रक्षा, अंतरिक्ष सहित द्पिक्षीय एजेंडाहरुआ चर्चा भएको छ । ग्रीसका विदेश मंत्रीको साथ भएको बातचीतमा राजनयिक उपस्थिति बढ़ाउन , संपर्क मजबूत गर्न र व्यापारलै बढ़ावा दिन माथि जोर दिइएको छ ।

त्यहि , डॉ. जयशंकरले नीदरलैंडका विदेश मंत्री टॉम बेरेंडसेनलाई उहाँको वर्तमान नियुक्तिमा बधाई दिनु भएको छ । साथै , दुवै पक्षहरुले सेमीकंडक्टर, एआई, जल प्रबंधन र अन्य अत्याधुनिक प्रौद्योगिकिहरुमा सहयोग बढ़ाउनमा चर्चा गरेका छन् ।

**लोकसभा - रेल मंत्रालय**

लोकसभामा आज रेल मंत्रालयको नियंत्रणमा वर्ष 2026-27को लागि अनुदान मांगहरु माथि अघिको चर्चा अनि मतदान हुनेछ । हिज चर्चाको शुरुआत गर्नु हुदै कांग्रेसका तारिक अनवरले सरकारले आफ्नो लक्ष्य पूरा गर्न विफल रहेको आरोप लगाउनु भएको थियो । उहाँले अमृत भारत स्टेशन योजना अन्तर्गत 1 हजार 337 स्टेशनमा मात्र 160 स्टेशनमा पुनर्विकास कार्य पूरा भएको बताउनु भएको थियो ।आर्को तर्फ गणेश सिंहले विगत दस वर्षमा रेलवेमा महत्त्वपूर्ण परिवर्तन भएको बताउनु भयो । उहाँले , "नयाँ प्रविधिहरू अपनाइएको र रेल नेटवर्क पनि विस्तार भइरहेको बताउनु भयो । वर्ष २०१३-१४ मा रेलवेको बजेट ६३ हजार करोड रुपियाँ रहेको र हाल यो बढेर २ लाख ७८ हजार करोड रुपियाँ पुगेको छ ।राज्यसभामा वित्त मन्त्री निर्मला सीतारमणले आज विनियोजन विधेयक, २०२६ लाई विचार र पारित गर्नका लागि पेश गर्नु हुने सम्भावना छ।

**राज्यसभा-मतदान हरियाणा**

हरियाणाको राज्यसभाका दुई सिटमा भाजपाका सञ्जय भाटिया र कांग्रेसका करमवीर सिंह बौद्ध विजयी भएका छन्। यी दुई सिटका लागि हिजो मतदान भएको थियो। अवैध घोषित गरिएका पाँच मतमध्ये चार मत कांग्रेसको र एक मत भाजपाको रहेको अधिकारीहरूले बताएका छन्। नौ अप्रैलमा भाजपाका सदस्य किरण चौधरी र रामचन्द्रन जांगड़ाले आफ्नो सत्र पूरा गरेका कारण हरियाणामा राज्यसभाको दुई सीटहरु रिक्त भएको छ।

**<u>बिहारमा</u>**

बिहारमा राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) ले राज्यसभाका सबै पाँच सिटमा जित हासिल गरेको छ। भाजपाले उडिसामा दुई, बिजु जनता दल र स्वतन्त्र उम्मेदवारले एक–एक सिट जितेका छन्। हरियाणामा दुई सिटका लागि मतगणना जारी छ।

**<u>सरकार -गेहूं , धान खरीद</u>**

सरकारले गहुँ र धान खरिदमा संलग्न आर्थिया तथा सहकारीलाई बुझाउने कमिसनको दर परिमार्जन गर्न स्वीकृत गरेको छ। संशोधित कमिसन दरहरू रबी मार्केटिङ सिजन २०२६-२७ देखि लागू हुनेछन्। उपभोक्ता मामिला, खाद्य र सार्वजनिक वितरण मन्त्रालयले गहुँ खरिदमा आढ़तीहरूलाई गहुँ खरिदमा ४६ रुपियाँ प्रति क्विन्टलबाट बढाएर ५०.७५ रुपियाँ प्रति क्विन्टल बनाइएको जानकारी दिएको छ भने राजस्थानमा गहुँको मूल्य ४१.४० रुपियाँ प्रति क्विन्टलबाट बढेर ४५.६७ रुपियाँ प्रति क्विन्टल बनाइएको छ। धानको कमिसन प्रतिक्वीन्टल ४५ रुपियाँ ८८ पैसाबाट बढेर ५० रुपियाँ ६१ पैसा भएको छ।

**<u>अफ़गानिस्तान - हमला</u>**

अफगानिस्तानको राजधानी काबुलमा पाकिस्तानले गरेको हवाई आक्रमणमा परी कम्तीमा ४०० जनाको मृत्यु हुनुका साथै २५० जना घाइते भएका छन्। तालिबान सरकारका प्रवक्ता जबीहुल्लाह मुजाहिदले पाकिस्तानको हवाई आक्रमणमा अस्पतालको ठूलो भाग ध्वस्त भएको र घाइतेको संख्या बढ्न सक्ने बताएका छन्। उनले भने, 'पाकिस्तानी सैन्य शासनले फेरि एक पटक अफगानिस्तानको हवाई क्षेत्रको उल्लंघन गरेको छ र काबुलमा रहेको लागुऔषध मुक्ति अस्पताललाई निशाना बनाएको छ। जसका कारण अस्पतालमा उप्चारधीन लागुऔषध दुर्व्यसनीको मृत्यु हुनुका साथै कैयौँ घाइते भएका छन्। अफगान अधिकारीहरूले दुई पक्षबीचको साझा सीमामा गोली चलेको रिपोर्ट गरेको केही घण्टापछि यो आक्रमण भएको थियो।

**Byte**